# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक ११५ | काठमाडौं | बुधबार, ३१ साउन २०८० | Prabhab National Daily | Wednesday, August 16, 2023 | www.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।–


# कक्षा १२ मा आधा विद्यार्थी फेल



- नियमिततर्फ एक लाख ८९ हजार ७११ जना (५०.९२ प्रतिशत) मात्र उत्तीर्ण ।
- आंशिकतर्फ १८ हजार ३०, ग्रेडवृद्धितर्फ छ हजार १४० र पुरानो अंशिकतर्फ ६५० विद्यार्थी उत्तीर्ण ।

■ प्रभाव संवाददाता

**भक्तपुर-** कक्षा १२ को परीक्षामा झण्डै आधा विद्यार्थी अनुत्तीर्ण भएका छन् । राष्ट्रिय परीक्षा बोर्डले मंगलबार सार्वजनिक गरेको नतिजामा यस्तो देखिएको हो ।

बोर्डले गत वैशाख २६ देखि जेठ ५ गतेसम्म लिएको कक्षा १२ को परीक्षामा सहभागी नियमिततर्फका एक लाख ८९ हजार ७११ विद्यार्थी उत्तीर्ण भएका छन् । यो परीक्षामा सहभागी संख्याको ५०.९२ प्रतिशत हो । यस वर्ष नियमिततर्फ तीन लाख ७२ हजार ६३७ विद्यार्थी सहभागी थिए ।

बोर्डका अध्यक्ष डा. महाश्रम शर्माका अनुसार आंशिकतर्फ १८ हजार ३०, ग्रेडवृद्धितर्फ छ हजार १४० र पुरानो अंशिकतर्फ ६५० जना उत्तीर्ण भएका छन् । देशभरका एक हजार ४५७ परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भएका थिए । परीक्षामा नियमित, आंशिक, ग्रेडवृद्धि र पुरानो आंशिक विद्यार्थी सहभागी थिए ।

उक्त परीक्षामा नियमिततर्फ तीन लाख ७२ हजार ६३७, आंशिकतर्फ ६० हजार ९५९ र ग्रेडवृद्धितर्फ १४ हजार १३५ र पुरानोतर्फ एक हजार १०६ गरी चार लाख ४८ हजार ८३७ विद्यार्थी सहभागी भएकामा ५६ जनाको परीक्षा रद्द भएको बोर्डले जनाएको छ ।

आधा विद्यार्थी अनुत्तीर्ण भए पनि बोर्ड अध्यक्ष शर्माले यस वर्षको नतिजामा सुधार आएको दाबी गरेका छन् । 'यसपटक गत वर्षभन्दा तीन प्रतिशत बिन्दुले नतिजामा सुधार आएको छ,' शर्माले भने । उनका अनुसार यस वर्ष परीक्षामा नियमित र ग्रेडवृद्धि गरी चार लाख ६७ हजार ३८९ विद्यार्थी सहभागी भएकोमा एक लाख ८२ हजार परीक्षार्थी ननग्रेडेड अर्थात् अनुत्तीर्ण भएका छन् । गत वर्ष कक्षा १२ मा ४८ प्रतिशत विद्यार्थीले मात्र ग्रेडसिट प्राप्त गरेका थिए ।

नतिजा सुधार भए पनि शिक्षण सिकाइ अझै प्रभावकारी बनाउनुपर्ने बोर्डका अध्यक्ष शर्माले बताए ।

**ननग्रेड धेरै अंग्रेजीमा**

बोर्डले प्रकाशन गरेको कक्षा १२ को नतिजामा अंग्रेजी विषयमा 'ननग्रेड' (एनजी) ल्याउने विद्यार्थी धेरै रहेका छन् । बोर्डका सदस्यसचिव दुर्गा अर्यालका अनुसार यो विषयमा एक लाख नौ हजार ५२७ जना ननग्रेड छन् । दुई विषयसम्म नन ग्रेड ल्याएका एक लाख २३ हजार ३९६ जना छन् । एक विषयमा मात्र एनजी आउनेको संख्या भने ७९ हजार ५८४ जना रहेका छन् ।

जिपिए ३.६१ देखि ४ ल्याउने विद्यार्थीको संख्या छ हजार ९७६ छन् । त्यसैगरी, ३.२१ देखि ३.६० सम्म ल्याउने विद्यार्थीको संख्या ३८ हजार ९९९ छन् । त्यस्तै, २.८१ देखि ३.२० ल्याउने परीक्षार्थीको संख्या ६९ हजार १७४, जिपिए २.४१ देखि २.८० ल्याउने विद्यार्थीको संख्या ६३ हजार ७७ छन् भने २.०१ देखि २.४० जिपिए ल्याउने विद्यार्थीको संख्या ११ हजार ४३८ रहेको छ । यस्तै, १.६१ देखि २ सम्म जिपिए ल्याउने विद्यार्थीको संख्या ४७ रहेको छ ।

प्रत्येक विषयको सैद्धान्तिकतर्फ न्यूनतम ३५ प्रतिशत अंक प्राप्त गरेमात्रै विद्यार्थीले ग्रेडसिट प्राप्त गर्ने व्यवस्था गरिएको छ । तीमध्ये दुई (**बाँकी पृष्ठ २ मा**)

# जग्गा कित्ताकाटमा थप लचक

■ प्रभाव संवाददाता

- प्लानिङ पर्मिट लिएका, अंशबण्डा, अंशभर्पाइ र मोहीको बाँडफाँटको विषयमा गरेको कडाइ हटाइयो
- जग्गा वर्गीकरणका लागि स्थानीय तहलाई थप अधिकार प्रत्यायोजन
- गत वैशाखमै मन्त्रिपयरिषद्ले नियमावली संशोधन गरी कित्ताकाट खुला गर्ने निर्णय गरेकोमा यसअघि ५ साउनमै नियमावली संशोधनको प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको थियो ।

**काठमाडौं-** मन्दीले खुम्चिएको घरजग्गा कारोबारलाई चलायमान बनाउने गरी सरकारले जग्गाको कित्ताकाट खुलाएको छ । मंगलबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले जानकारी दिए ।

'कित्ताकाट, नामसारीलगायतका जग्गासम्बन्धी हालसम्म रोकिएका सबै कामलाई फुकाउने गरी भूउपयोग नियमावली क्याबिनेटले पास गरेको छ,' मन्त्री ज्वालाले भने । योसँगै जग्गा कित्ताकाटबारे जनताले भोग्नुपरेको झमेला अबका दिनदेखि समाधान हुने मन्त्री ज्वालाको भनाइ छ ।

**के भयो संशोधन ?**

सरकारले प्लानिङ पर्मिट लिएका, अंशबण्डा, अंशभर्पाइ र मोहीको बाँडफाँटको विषयमा गरेको कडाइ हटाएको छ । अब प्लानिङ पर्मिट लिएकाहरूले साढे दुई आनामै जग्गा कित्ताकाट गर्न पाउनेछ । यसअघि यस्तो जग्गालाई न्यूनतम चार आना एक दामभन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न रोक लगाइएको थियो ।

प्लानिङ पर्मिट नलिई व्यक्तिगत तहमा हुने गरेका कित्ताकाटमा भने न्यूनतम चार आना एक दामकै प्रावधान यथावत् राखिएको छ । अंशबण्डा, अंश भर्पाइ र मोहीको बाँडफाँट गर्नुपर्ने विषयमा पनि न्यूनतम चार आना एक दाम क्षेत्रफलमा कित्ताकाट गर्नुपर्ने प्रावधान संशोधित नियमावलीमा हटाइएको छ । अब यो प्रयोजनमा कित्ताकाट गर्नुपरे साढे दुई आनामै जग्गा टुक्राउन पाइनेछ ।

मन्त्रिपरिषद्ले जग्गा वर्गीकरणका लागि स्थानीय तहलाई थप अधिकार प्रत्यायोजन गरेको छ । यद्यपि यसका लागि दुई वर्षको समय दिने निर्णय भएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठले बताइन् । यसअघि जम्मा छ महिना दिइएको थियो । त्यो अवधिमा जम्मा १६० पालिकाले मात्र वर्गीकरण गरेका थिए । जग्गा वर्गीकरण गर्न आवश्यक प्राविधिक ज्ञान तथा जनशक्तिको अभाव देखिएकाले समय थप गरेको मन्त्री श्रेष्ठले बताइन् ।

वर्गीकरण गरेर छुट्याएको जग्गामा कृषिका लागि एउटा, आवास र व्यावसायिकमा अर्को मापदण्डको व्यवस्था हुनेगरी नियमावली संशोधन भएको बताइएको छ । यसअघि भूउपयोग नियमावलीमा जमिनलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र र सरकारले तोकेको अन्य क्षेत्र भनेर वर्गीकरण (**बाँकी पृष्ठ २ मा**)



आइतबार राति आएको बाढीले क्षतिग्रस्त मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ कागबेनी । *तस्बिरः रासस*

## कागबेनी बाढी

# २९ घर पूर्णरूपमा ध्वस्त

■ डम्मर बुढामगर

**ढोरपाटन (बागलुङ)-** आइतबार साँझपख मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीका स्थानीय सधैँझैँ कोही खाना पकाउन व्यस्त थिए, कोही खाना खाँदै । एक्कासी बजारमा बाढी आयो, बाढी आयो भन्दै हल्ला मच्चियो । एकैछिनमा बजारका सबै स्थानीय बजारभन्दा माथि सुरक्षित स्थानमा निस्किए ।

माथिपट्टि निस्किएको केही मिनेटमै कागबेनी बजारमा बाढी पस्यो, बाढीले हेर्दाहेर्दै बजारलाई बगरमा परिणत बनायो । स्थानीय आफ्नो भएभरको सम्पत्ति आँखै अगाडि बाढीमा परेको देख्न विवश भए । केहीले लत्ताकपडा, सुन तथा गरगहना निकाल्न भ्याए भने धेरैले सामान्य लत्ताकपडा पनि निकल्न पाएनन् ।

बाढीले घर र सम्पत्ति बगाइदिएपछि कागबेनीका सयौं नागरिक घरबारविहीन बनेका छन् । (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# आर्थिक सहायता रकम १० लाख पुर्‍याउने तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारले वैदेशिक रोजगारीको क्रममा विदेशमा मृत्यु हुने नेपाली श्रमिकको परिवारलाई दिने आर्थिक सहायता न्यूनतम १० लाख रूपैयाँ पुर्‍याउने तयारी गरेको छ । वैदेशिक रोजगार बोर्ड सचिवालयका अनुसार आर्थिक सहायता रकम समयसापेक्ष नभएको भन्दै वैदेशिक रोजगारीमा गएका श्रमिकको मृत्यु भएको अवस्थामा मृतकका परिवारलाई दिइने रकममा वृद्धि गर्दै न्यूनतम १० लाख रूपैयाँ पुर्‍याउने तयारी भएको हो ।

हाल बोर्डले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका श्रमिकको मृत्यु भएको अवस्थामा उसको परिवारलाई सात लाख रूपैयाँ उपलब्ध गराउँदै आएको छ । बोर्डले वैदेशिक रोजगारीमा जाने श्रमिकले वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गरेको रकमबाट आर्थिक सहायता प्रदान गर्ने गरेको छ । कोषमा रोजगारीका लागि विदेश जाने श्रमिकले श्रम स्वीकृतिका क्रममा तीन वर्षसम्मको एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको श्रम स्वीकृति प्राप्त गर्ने भएमा दुई हजार ५०० रूपैयाँ अनिवार्य रूपमा कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले विदेशमा मृत्यु भएका श्रमिकको परिवारलाई दिँदै आएको आर्थिक सहायता रकम न्यून भएको कारण बढाउन लागिएको बताए । 'सरकारले लामो समयको अध्ययनपश्चात् सहायता रकममा वृद्धि गर्दै दोब्बर बनाउन खोजे पनि हाललाई न्यूनतम १० लाख रूपैयाँ पुर्‍याउने तयारी गरेको छ,' उनले भने, 'मृतक श्रमिकका परिवारलाई दिइने सहायता मात्र नभई मृतक तथा गम्भीर बिरामी एव अंगभंग भएका व्यक्तिहरूको सन्ततीले पाउने छात्रवृत्तिमा पनि वृद्धि गर्न लागिएको छ ।'






लामो समयको अध्ययनपश्चात् सहायता रकम बढाउने तयारी गरेको हो । मृतक श्रमिकका परिवारलाई दिइने सहायता मात्र नभई मृतक तथा गम्भीर बिरामी एव अंगभंग भएका व्यक्तिहरूको सन्ततीले पाउने छात्रवृत्ति पनि बढाउन लागिएको छ ।

■ **डा. द्वारिका उप्रेती**
**कार्यकारी निर्देशक**
**वैदेशिक रोजगार बोर्ड**

हाल छात्रवृत्तिका लागि बोर्डले शिशु कक्षादेखि कक्षा ८ सम्म अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक आठ हजार रूपैयाँ र ९ कक्षादेखि १२ कक्षासम्म वार्षिक १२ हजार रूपैयाँ दिँदै आएको छ । यो छात्रवृत्ति रकम बढाएर अब कक्षा ८ सम्म अध्ययन गर्नेलाई १२ हजार रूपैयाँ र त्यसमाथि कक्षा १२ सम्म अध्ययन गर्नेलाई १६ हजार ५०० रूपैयाँ उपलब्ध गराउने तयारी भइरहेको उप्रेतीले जानकारी दिए । बोर्डले छात्रवृत्ति रकम पनि कल्याणकारी कोषमा जम्मा भएकै रकमबाट उपलब्ध गराउने गरेको छ ।

सरकारले २०६५ सालदेखि विदेशमा काम गर्ने क्रममा मृत्यु भएका श्रमिकका परिवार तथा अंगभंग भएका श्रमिकलाई आर्थिक सहायता उपलब्ध गराउन थालेको हो । प्रारम्भिक चरणमा आर्थिक सहयोग स्वरूप मृतकका परिवारलाई तीन लाख रूपैयाँ दिने गरिएको थियो । पछि आर्थिक सहायता रकम कम भएको भन्दै सरकारको निर्णयले २०७४ सालदेखि तीन लाखबाट बढाएर सात लाख रूपैयाँ उपलब्ध गराउन थालेको हो ।

वृद्धि गर्न लागिएको आर्थिक सहायता रकम मन्त्रिपरिषद्ले निर्णय गरेलगत्तै लागू हुने बोर्ड सचिवालयले जनाएको छ । यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहालले गत २०७९ चैत ८ गते वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन आह्वान गर्दै विदेशमा मृत्यु हुने श्रमिकका परिवारलाई दिइने आर्थिक सहायता र छात्रवृत्ति रकममा दोब्बरले वृद्धि गर्ने घोषणा गरेका थिए । यद्यपि, सोही अनुपातमा रकम वृद्धि नहुने भए पनि थपिने सहायता रकमले सामाजिक योगदानमा उल्लेख्य सहयोग पुग्ने बोर्डले जनाएको छ ।

नेपालबाट वैदेशिक रोजगारीका लागि विभिन्न गन्तव्य मुलुकमा पुगेका ठूलो संख्यामा नेपाली युवाहरूले ज्यान गुमाउने गरेका छन् भने कतिपय गम्भीर बिरामी र अंगभंग भएरसमेत फर्कने गरेका छन् । बोर्डले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार वार्षिक एक हजार २०० भन्दा बढी नेपालीले रोजगारीका क्रममा विभिन्न मुलुकमा ज्यान गुमाउने गरेका छन् । यस्तै, ५०० को हाराहारीमा अंगभंग भएर फर्किएका छन् । मृत्यु हुनुको कारण आत्महत्या, दुर्घटना, हार्टअटचाक जस्ता कारण देखाउँदै कार्यस्थल तथा सडक दुर्घटनाबाट अंगभंग हुने गरेको बोर्डले जनाएको छ । मृत्यु भएका तथा गम्भीर बिरामी वा अंगभंग भएका व्यक्तिलाई अवस्था हेरेर बोर्डले सम्पूर्ण खर्च व्यहोरी स्वदेश ल्याएर परिवारलाई जिम्मा लगाउने कार्य पनि गर्दै आएको छ ।


## जनहितमा जारी सन्देश

### आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।

- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।

- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।

- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।

- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।

- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।

- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।


**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# ‘सप्तरी घटनाका दोषीलाई कानुनी दायरामा ल्याऊ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले सप्तरी घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गर्न सरकारसँग आग्रह गरेको छ । आयोगले निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कारबाही गरी उक्त घटनामा अधिकारकर्मीको सुरक्षामा ध्यान दिन आग्रह गरिएको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा सेवाग्राहीले आफ्ना सेवा लिने क्रममा संयमित भई सेवा प्रवाह गर्ने निकायलाई मर्यादित व्यवहार गर्न सेवाग्राही, पत्रकार र अधिकारकर्मीलाई अनुरोध गरिएको छ ।

सप्तरीको राजविराजमा यही साउन १५ गते मानव अधिकारकर्मी तथा पत्रकार मनोहर पोखरेललाई जिल्ला प्रहरी कार्यालय परिसरमा सेवाग्राहीको काम विशेषले गएको समयमा उक्त कार्यालयमा कार्यरत प्रहरीद्वारा कुटपिट तथा दुर्व्यवहार भएको थियो । उक्त घटनालाई लिएर स्थानीय पत्रकार र अन्य सामाजिक संघसंस्थाबाट निरन्तर भइरहेको विरोधका सम्बन्धमा आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । त्यस सम्बन्धमा आयोगको मधेस प्रदेश कार्यालयले स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ ।

आयोगले जारी गरेको मानवअधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिका, २०६९ मा मानवअधिकार रक्षकको संरक्षण र सुरक्षाको जिम्मेवारी राज्यले गर्नुपर्ने उल्लेख गरिएको छ ।

गृह मन्त्रालयले जारी गरेको मानवअधिकारकर्मीको सुरक्षा र संरक्षणसम्बन्धी आदेश, २०७७ मा मानवअधिकार हननका विषयमा राज्यका निकाय वा पदाधिकारीले सूचना तथा जानकारी दिनुपर्ने, जानकारी लिने क्रममा हुने आक्रमणबाट शारीरिक, मानसिक वा आर्थिक क्षतिलाई रोक्न राज्यका सुरक्षा निकायबाट विशेष सतर्कता अपनाइने र क्षति पुर्‍याउने व्यक्ति वा पदाधिकारीविरुद्ध कानुनबमोजिम कारबाही चलाउने व्यवस्था उल्लेख गरिएको छ ।

मानवअधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र १९९८ मा राज्यले मानवअधिकार रक्षकको अधिकार संरक्षणको विशेष व्यवस्था गर्नुपर्ने उल्लेख छ । उल्लिखत व्यवस्थाका बाबजुत नेपालमा मानवअधिकार रक्षकले सुरक्षित र भयरहित वातावरणमा कार्य गर्न नपाएको आयोगको प्रतिवेदनले औंल्याएको छ ।

# मत्स्यनारायणमा भक्तजनको भीड

**काठमाडौं (प्रस)–** करिब तीन वर्षको अन्तरमा पर्ने पुरुषोत्तममासमा मात्र मेला लाग्ने मत्स्यनारायण मन्दिर क्षेत्रमा भक्तजनको भीड बढ्न थालेको छ । चन्द्रागिरि नगरपालिका-९ मा पर्ने मन्दिरमा हाल दैनिक हजारौं भक्तजनको भीड लाग्ने गरेको छ । मत्स्यनारायण कीर्तिपुर र सतुंगल दुवै स्थानबाट जान सकिन्छ । दुवैतिरबाट मत्स्यनारायण जान सार्वजनिक यातायात पाइन्छ ।

कीर्तिपुर नगरपालिकाको वडा नं ४ सँग जोडिएको मत्स्यनारायण क्षेत्र धार्मिकरूपमा महत्त्वपूर्ण भए पनि यसको प्रचारप्रसार गरी धार्मिक पर्यटक वृद्धिको काम हुन नसकेको स्थानीयवासीको गुनासो छ । भगवान् विष्णुका दश अवतारमध्ये पहिलो मत्स्य अवतार यही ठाउँमा लिएर उनले वेदको रक्षा गरेको विषय विभिन्न पुराणमा उल्लेख गरिएको छ । मत्स्य अवताररूपी भगवान् विष्णुले जलमात्र पिएर सत्यव्रत राजासहित सप्तऋषिलाई मत्स्य पुराण सुनाएका थिए भन्ने विश्वास गरिन्छ । भगवान् विष्णुले भक्तलाई रक्षा पनि गरेको थियो ।

पूर्वकल्पमा ब्रह्माजीको मुखबाट निस्किएको वेदलाई मायावी दानवराज हयग्रीवले नष्ट गर्न खोजेपछि भगवान् विष्णुले मत्स्य अवतार लिई वेदको रक्षा गरेको विषय मत्स्य पुराणलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।

पुरुषोत्तममासमा यहाँको कुण्डमा स्नान गरी मत्स्यरूपी भगवान् विष्णुको पूजा, आराधना एवं दर्शन गरेमा पाप पखालिई पुण्य कमाइने धार्मिक विश्वासले महिनाभर यहाँ लाखौं भक्तजन आउने गरेको मेला व्यवस्थापन समितिको सदस्यसमेत रहेका ध्रुव बस्नेतले जानकारी दिए ।

यहाँको कुण्डमा वर्षामा पानी सुक्ने र हिउँदमा पानी आउने अनौठो दृश्यसमेत देखिने गरेको उनले सुनाउनुभयो । हालसम्म २० लाखभन्दा बढी भक्तजनले मन्दिरमा पूजा, आराधना एवं दर्शन गरेको मेला व्यवस्थापन समितिले जनाएको छ । साउन २ गते सुरु भएको पुरुषोत्तममास मेला साउन ३१ गते बुधबार सकिने समितिको संयोजकसमेत रहेका चन्द्रागिरि नगरपालिका-९ का अध्यक्ष अच्युत अधिकारीले जानकारी दिए ।

मूल मेला बुधबार सकिने भए पनि पूर्णाहुतिसहित मत्स्यनारायण मेलाको औपचारिक समापन भने भदौ १ गते गरिने उनले जानकारी दिए । मेलाको सुरुका दिनमा भन्दा अन्तिम समयतिर धेरै भक्तजन मत्स्यनारायण मन्दिर क्षेत्रमा आएको जनाइएको छ । मत्स्यनारायण शब्द अहिले अपभ्रंश भएर मच्छेनारायण भएको छ ।

## जग्गा कित्ताकाटमा...

पृष्ठ १ बाट जारी

गर्नसक्ने व्यवस्था भएको थियो । सोही नियमावलीमा सरकारले कृषि र गैरकृषि जमिन नछुटयाई निश्चित वर्गीकरण नभएका जग्गाको कित्ताकाट नहुने व्यवस्था गरेको थियो । यो व्यवस्थापछि मुलुकभरको जग्गाको कित्ताकाट प्रभावित बनेको थियो ।

**कित्ताकाटको निर्णयमा ढिलाइ**

जग्गाको कित्ताकाटबारे निर्णय गर्न सरकारलाई निक्कै गाह्रो परेको एक मन्त्रीले बताए । ‘कहिले कानुन मन्त्रालय पुग्ने कहिले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय पुग्ने, प्रधानमन्त्रीसमेत यसो हुँदो चकित पर्नुभएको थियो,’ ती मन्त्रीले भने । यसबारे व्यवसायीले सरकारलाई पटक-पटक भेटेर दबाबसमेत दिएका थिए । त्यसपछि प्रधानमन्त्री पुष्पकमल दाहाल पनि कित्ताकाट तत्काल खोल्नुपर्ने पक्षमा पुगेको ती मन्त्री बताउँछन् ।

गत वैशाखमै मन्त्रिपरिषद्ले नियमावली संशोधन गरी कित्ताकाट खुला गर्ने निर्णय गरेको थियो । तर, त्यतिबेला जग्गा वर्गीकरणका विषयमा अस्पष्टता कायमै रहेपछि कार्यान्वयनमा आउन सकेन । त्यसपछि कानुन मन्त्रालय पुर्‍याएर नियमावली पुन संशोधन गरेको हो । यसअघि ५ साउनमै नियमावली संशोधनको प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको थियो ।

## कक्षा १२ मा...

पृष्ठ १ बाट जारी

विषयसम्म एनएजी (नन ग्रेडेड) आउनेले तत्कालै र बाँकी ५६ हजारले यसपालि ग्रेडवृद्धि परीक्षा दिएका थिए ।

लेटर ग्रेडिङ निर्देशिकामा संशोधन गरेर जुन विषयमा एनजी हुन्छ त्यही विषयमा मात्रै ग्रेडवृद्धि परीक्षा दिन पाउने व्यवस्था गरिएको छ । यसअघि दुईभन्दा बढी विषयमा एनजी आए अर्को वर्ष सबै विषयको परीक्षा दिनुपर्ने बाध्यता थियो ।

**ग्रेड वृद्धि परीक्षा असोजमा**

बोर्डले ग्रेड वृद्धि परीक्षा आगामी असोज ६ र ७ गते सञ्चालन गर्ने भएको छ । नतिजामा चित्त नबुझे १५ दिनभित्र प्रतिविषय ५०० रूपैयाँ तिरेर नतिजा पुनर्योग गराउनसक्ने बोर्डले जारी गरेको सूचनामा उल्लेख छ ।

## कागबेनी बाढी...

पृष्ठ १ बाट जारी

कागखोलामा करिब दुई घण्टा आएको बाढीले हेर्दाहेर्दै बजारलाई कालीगण्डकीमा मिसाएको स्थानीय धावा दोर्जे गुरुङले सुनाए । बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीका वडा सदस्यसमेत रहेका गुरुङले बाढीमा कुनै पनि मानवीय क्षति नभएको जनाउँदै भौतिक सम्पत्ति ध्वस्त बनेको बताए । यो बाढी अहिलेसम्मकै ठूलो भएको र क्षति पनि धेरै पुर्‍याएको उनले बताए । माथिल्लो क्षेत्रबाट बाढी आएको खबर नभएको भए यहाँका सयौं मानिस बाढीमा पुरिनसक्ने उनले बताए ।

‘दिनभरि काम गरेर साँझ खाना पकाउँदै थियौं, एक्कासि मुक्तिनाथबाट कागखोलामा बाढी आयो भनेर आफन्तको फोन आयो, पकाउँदै गरेको खाना त्यत्तिकै छाडेर वरपरका छरछिमेकलाई हारगुहार गर्दै बस्तीभन्दा माथि पुग्यौं, हेर्दाहेर्दै कागखोलामा आएको बाढी कागबेनी बजारमा बस्यो,’ उनले भने, ‘एकै छिनमा सबै घर बगरमा परिणत भए, धन्न ज्यान बाँच्यो, मुक्तिनाथ क्षेत्रबाट धेरैले फोन गरेर बाढी आएको जानकारी गराइदिए र हामी बाँच्यौं, नत्र सबै बाढीमा परिने रैछ ।’

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिङजिननाम्गेल गुरुङले बाढीपीडितलाई सुरक्षित स्थानमा सारिएको बताए । उनका अनुसार बाढीले २९ घर बगरमा परिणत भएका छन् । १३ घरमा आंशिक क्षति भएको अध्यक्ष गुरुङको भनाइ छ । आंशिक क्षति भएका घरको पहिलो तलासम्म बाढी पसेको उनले बताए । नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयको सहकार्यमा उद्धारकार्यलाई जारी राखेको उनको भनाइ छ ।

सोमबार रातिसम्मको विवरणअनुसार चारपांग्रे दुईवटा सवारी, मोटरसाइकल ३०, एउटा पक्की मोटरेबल पुल, तीन काठेपुल बाढीले बगाएको उनको भनाइ छ । बाढीले प्रभु बैंकको घर नै बगाएको छ भने जनशान्ति माध्यमिक विद्यालयमा पनि क्षति पुगेको अध्यक्ष गुरुङले जानकारी दिए । धर्मशाला, गुम्बालगायतका संरचना पनि बाढीमा परेको उनी बताउँछन् । उनका अनुसार करिब २०-२५ वटा पशुचौपाया पनि पुरिएको आकलन गरिएको छ ।

कागबेनीमा जिल्लाबाहिरबाट सडक तथा विभिन्न ठाउँमा काम गर्ने ६० मजदुरको उद्धार गरी जोमसोम सामुदायिक हलमा स्थानान्तरण गरिएको अध्यक्ष गुरुङको भनाइ छ । बाढीपीडितलाई अहिले आफन्तकहाँ राखिएको भन्दै नेपाल सरकारको नीति नियमानुसार राहत सहायता दिने उनी बताउँछन् । तत्कालका लागि गाँसबास, कपासको व्यवस्था गाउँपालिकाले गर्ने उनले बताए ।

‘अप्रत्यासित घटना भयो, बजारका घर देखिसक्नु छैनन्, धेरै घर बाढीले बगायो, बाढीले क्षति पुर्‍याएका घर पनि भत्किरहेका छन्, अहिलेसम्म मानवीय क्षति भएको पाइएको छैन, भौतिक क्षतिको त धेरै भएको छ, अहिले भर्खरै मूल्यांकन गर्न सक्ने अवस्था छैन, बाढीपीडितलाई अहिले अग्लो स्थानमा सुरक्षितरूपमा राखेका छौं,’ अध्यक्ष गुरुङले भने, ‘यहाँ धेरै कामदार पनि बस्थे, उनीहरूलाई घरपझोङ गाउँपालिकाले खाना बस्नको व्यवस्था गर्ने गरी जोमसोम सारिएको छ ।’

बाढी कागखोलाको सहायक तिरीखोलामा पहिरो आएर थुनिएको आकलन गरिएको छ । मुक्तिनाथबाट सुरु हुने कागखोला कागबेनीमा आएर कालीगण्डकीमा मिसिन्छ । बाढीले पोल बगाउँदा विद्युत् अवरुद्ध भएको सहायक जिल्ला अधिकारी चन्द्रकान्ता बस्नेतले जानकारी दिए । खानेपानीको पाइपलाइन पनि बगाउँदा खानेपानी अभाव भएको उनको भनाइ छ । विद्युत् र खानेपानी सञ्चालनका लागि काम सुरु भएको उन बताउँछन् ।

बाढीले पुल बगाउँदा उपल्लो मुस्ताङसम्मको यातायात ठप्प छ भने मान्छे हिँड्नका लागि अस्थायी काठको पुल निर्माण गरिएको उनले जानकारी दिए । अहिले बाढी रोकिए पनि स्थानीय त्रसित छन् । वर्षा रोकिएको भए पनि कागबेनीवासी कागखोला हेर्दै झस्किने गरेका छन् । प्रशासनले तटीय क्षेत्रका बस्तीलाई सजगता अपनाउन आग्रह गरेको छ । *रासस*


## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIYAR PUBLIC FACILITIES MANAGEMENTS CO.

पूर्व स्वीकृति मिति २०८०/०४/२९ | LT. No.290808 | चलानी नं. ६०२०६२३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security guard | 30 | 0 | 130 | ५६,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Body guard | 20 | 0 | 140 | ६०,३८० | | | | | | | |
| 3 | Cleaner | 50 | 20 | 90 | ३८,८१५ | | | | | | | |
| 4 | Driver light GCC | 25 | 0 | 140 | ६०,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।
कास्की, पोखरा ८, नागढुंगा, बाजेको सेकुवा मा मिति: २०८० भदौ ७ गते (24th Aug. 2023) मा हुनेछ ।

कम्पनी : ASAYEL HASAN RASHED AL KHATER HAIRDRESSING SALON

पूर्व स्वीकृति मिति २०८०/०४/३० | LT. No. 290990 | चलानी नं. ६०२०६२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1200 | ४२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले　सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET　श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : THUNDER PRINT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१६ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 268355 | चलानी नं. ६०१८४२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 220 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) देखि धमाधम हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले　सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**　श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054041, 9765229376

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATTRACTIVE VENTURE (JB) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/३० | LT. No. 276033 | चलानी नं. ६०१९१६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले　सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic.No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAD ABDULLAH ABDULAZIZ AL-MADHI LAND TRANSPORTATION

पुर्व स्वीकृति मिति २०८०/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 288449 | चलानी नं. ६०२०३९५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : JABAL AL-SUMAN GENERAL CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०३/२९ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 289376 | चलानी नं. ६०२०४६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 290071 | चलानी नं. ६०२०५३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 8 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BANI AL JAZEERA CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०४/१८ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 290388 | चलानी नं. ६०२०५६३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sanitation Worker | 5 | 0 | 1500 | ५३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SALEH MOQBEL SALEH AL MELHEM TRANSPORT CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 290994 | चलानी नं. ६०२०६२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping Agent | 1 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले　सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: SAFARI COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/३० | LT. No.291009 | चलानी नं. ६०२०६२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 100 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले　सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASSEL AL-SALTAN For bread

पूर्व स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 290953 | चलानी नं.: ६०२०६१६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Equipment Maintenance Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले　सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 226/058/059

**Felicity International Employment Agency Pvt.Ltd.**

P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHIRYAN INDUSTRIAL SERVICE EST

पूर्व स्वीकृति मिति २०८०/०४/२९ | LT. No. 290943 | चलानी नं. ६०२०६२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Welder | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले　सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## मानवअधिकार आयोगले भन्यो-

# नागरिकको अधिकारप्रति संवेदनशील बन्नू

■ प्रभाव संवाददाता




**काठमाडौं-** राष्ट्रिय मानवअधिकार आयोगले फुटपाथ व्यावसायीको मानवअधिकार संरक्षण गर्न आग्रह गरेको छ । फुटपाथ व्यावसायीलाई वैकल्पिक व्यवस्था गरी उनीहरूको अधिकारप्रति संवेदनशील हुन काठमाडौं महानगरपालिकासहित सम्बद्ध निकायलाई आग्रह गरेको हो ।

आयोगले अतिविपन्न र सहाराविहीन नागरिकको बसोबासको वैकल्पिक व्यवस्था गरी विस्थापित हुनबाट जोगाउन, संक्रामक रोग एवं महामारी देखापर्नसक्नेतर्फ सचेत रहन र श्रमजीवी फुटपाथ व्यावसायीको मानवअधिकार संरक्षणमा वैकल्पिक व्यवस्था गरी नागरिकको अधिकारप्रति संवेदनशील हुन आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा नागरिकको स्वास्थ्य, सुरक्षित बसोबास एवं स्वच्छ वातावरणको अधिकारको सम्मान गर्दै मानव बस्तीमा विकास निर्माण कार्य गर्दा ठोस योजना र कार्यक्रमसहित गर्न आग्रह गरिएको छ । योजना कार्यान्वयन गर्दा नागरिकमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणमा ध्यान दिन, प्रचलित कानुन, कार्यविधि र प्रक्रिया पूरा गरी नागरिकले उपभोग गरिरहेको सम्पत्तिको अधिकारको संरक्षण गर्न, नागरिकको सम्पत्ति प्राप्त गर्नैपर्ने अवस्था भएमा सम्बन्धित सरोकारवालासँग पर्याप्त छलफल गरी प्रचलित कानुनबमोजिमको प्रक्रिया पूरा गरी मुआब्जा दिएर मात्र अघि बढ्न, खोला किनारका सर्वसाधारणलाई सहज बनाउन आयोगको माग छ ।

महानगरपालिकाको सामाखुसी क्षेत्रमा स्ल्याबको प्रयोग गरी छोपिएको खोला बर्सात्को समयमा खोल्ने तथा भत्काउने कार्य गर्दा अस्पताल, विभिन्न सरकारी निकाय, कूटनीतिक नियोगसमेतको ढल मिसिएको र पानी खुला रूपमा बग्न गई सो क्षेत्रमा संक्रमण भई स्थानीयवासीको स्वास्थ्यमा समस्या आएको आयोगले जनाएको छ ।

त्यस्तै, शैक्षिक संस्थासहित निजी घरमा ढल पस्न गई डुबान भएको, कतिपय स्थानमा आवतजावतमा समस्या भएको, तत्कालीन प्रचलित कानुन, कार्यविधि र प्रक्रिया पूरा गरी बनेका निजी घर तथा जग्गाबाट बाटो खोल्ने नियत राखी कार्य अघि बढाएको आयोगको ठहर छ । सो सम्बन्धमा गुनासो राख्न जाँदा महानगर प्रमुखबाट नगरवासीलाई भेट दिन अस्वीकार गरिएको, अदालतबाट जारी अन्तरिम आदेशको समेत अनादर भएकाले प्रचलित कानुनबमोजिम नागरिकको सम्पत्ति, आवतजावत र स्वास्थ्यको अधिकारसमेतको संरक्षण असर परेको आयोगले उल्लेख गरेको छ ।

महानगरपालिकाबाट चालिएका कदमबाट कतिपय गरिब तथा श्रमजीवी फुटपाथ व्यवसायीको मानवअधिकारसमेत पटक-पटक उल्लंघन भएकाले संरक्षणका लागि आवश्यक पहल गरी मानवअधिकारको संरक्षण गरिपाऊँ भनी दर्ता हुन आएका छुट्टाछुट्टै उजुरीउपर आयोगले ध्यानार्षणसमेत जनाएको छ । आयोगबाट स्थलगत अनुगमन हुँदा महानगरपालिकाको टोलीले डोजर प्रयोग गरी खोलामाथि राखिएका स्ल्याब हटाइरहेको, सो कारण खोला आसपासमा रहेका घरका जगमासमेत असर परेको, स्थानीय बासिन्दालाई आवतजावतमा कठिनाइ भइरहेको पाइएको छ ।

खोला किनारमा बसोबास गरेका कतिपय बासिन्दा अतिविपन्न र सहाराविहीन ज्येष्ठ नागरिकसमेत रहेको पाइएको र उनीहरूले दैनिक जीवनयापनमा थप समस्या भोग्नुपरिरहेकोलगायत तथ्य प्राप्त भएको आयोगले जनाएको छ । त्यसैगरी मध्य बर्सात्को समयमा हतारमा स्ल्याब हटाउँदा ढल मिश्रित बाढीको कारण हैजा वा संक्रामक रोग फैलिनसक्ने सम्भावनासमेत रहेको, सो क्षेत्रमा दुर्गन्ध फैलिएर जनजीवन अस्तव्यस्त भएको र आवतजावत गर्ने क्रममा बालबालिका वा स्थानीय नागरिकसमेत खोलामा खस्न सक्ने जोखिम उत्तिकै रहेको देखिएको आयोगले उल्लेख गरेको छ ।

# संकल्प प्रस्ताव कार्ययोजना कार्यान्वयन गर्न निर्देशन

**काठमाडौं (प्रस)-** दिगो विकास तथा सुशासन समितिले राष्ट्रिय सभाबाट पारित दलितका सवालसम्बन्धी संकल्प प्रस्ताव सम्बन्धमा तयार पारिएको कार्ययोजना कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिको मंगलबार बसेको बैठकले 'दलित समुदायका विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक सांस्कृतिक आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने' लगायतका विषयमा संकल्प प्रस्ताव कार्यान्वयनका लागि समितिबाट तयार पारिएको कार्ययोजनामा आवश्यक सुझाव र परिमार्जनसहित कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन गरेको हो ।

प्रस्तावित उक्त कार्ययोजना कार्यान्वयनको अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्न र नियमितरूपमा यसको प्रतिवेदन समितिमा उपलब्ध गराइदिन समितिका सभापति प्रकाश पन्थले निर्देशन दिए ।

उक्त पाँच वर्षे (२०८०-८५) कार्ययोजना सभापति पन्थले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव प्रकाश सिंह, अर्थ मन्त्रालयका सचिव रामप्रसाद घिमिरे, गृह मन्त्रालयका सचिव दिनेश भट्टराई, कानुन, न्याय तथा संसदीय मामिला सहसचिव मानबहादुर अर्यालला‌ई हस्तान्तरण गरे ।

मन्त्रिपरिषद् कार्यालयका सचिव सिंहले उक्त कार्ययोजना सरकारको मार्गदर्शनका रूपमा रहने उल्लेख गर्दै कानुनभन्दा इमानदारी ठूलो रहेको बताए । दलितमाथि भएका विभेदलाई उन्मूलन गर्न भएका कानुनी व्यवस्थाले ८० प्रतिशतभन्दा बढी समेट्नाले ठूलो जनशक्ति, स्रोतसाधन आवश्यक नपर्ने उनको भनाइ छ ।

गृह मन्त्रालयका सचिव भट्टराईले कार्ययोजना कार्यान्वयनमाथि प्रतिबद्धता जनाउँदै जातीयतामाथि भएको अपराधलाई उन्मूलन गर्न सरकार संवेदनशील रहेको र जनशक्ति, स्रोतसाधनको लगानीअनुसार उपलब्धि क्रमशः देखिँदै जाने उनले विश्वास दिलाए ।

त्यस्तै अर्थ मन्त्रालयका सचिव घिमिरेले जातीय विभेद सम्बन्धमा सम्बन्धित गतिविधिका कार्यक्रम निरन्तर गरिरहेको बताउँदै उक्त कार्ययोजना कार्यान्वयन गर्ने सर्न्दभमा मन्त्रालय प्रतिबद्ध रहेको जनाए । कानुन मन्त्रालयका सहसचिव अर्यालले विभेदको गम्भीरताका आधारमा सोही अनुपातमा सजायको कानुन बनाउन आवश्यक रहेको बताए ।

बैठकमा समितिका सदस्य भुवनबहादुर सुनारले दलित वर्ग लक्षित बजेट विनियोजन नभएको बताए । 'अर्थ मन्त्रालयबाट दलित वर्गलाई भनी बजेट छुट्याइएको छ तर किटान गरेको छैन । गोलमालमा छुट्याएको बजेटले आर्थिक पक्षबाट लक्षित वर्गको स्तर उकासिँदैन,' उनले भने ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HARVEST CENTURY VENTURE

पूर्व स्वीकृति मिति २०८०/०४/२९ | LT. No. 290897 | चलानी नं. ६०२०६१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 5 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/११ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 281468 | चलानी नं. ६०१९७०६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 20 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पुर्व स्वीकृति मिति २०७९/११/२४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०४/३० | LT. No. 281467 | चलानी नं. ६०१९०३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,०६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packaging And Wrapping Worker | 40 | 0 | 1000 | ३५,०६५ | | | | | | | |
| 3 | Store Labour | 50 | 0 | 1000 | ३५,०६५ | | | | | | | |

कम्पनी : LULU CENTER HYPERMARKETS

पुर्व स्वीकृति मिति २०८०/०४/२९ | LT. No. 290812 | चलानी नं. ६०२०६१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packer | 80 | 50 | 110 | ४७,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ६ गते (23rd Aug. 2023) मा हुनेछ ।

